# प्रशासनिक खर्च सार्वजनिक गर्न माग गरेपछि नगरपालिकामा खैलाबैला

परासी । रामग्राम नगरपालिकाका वडा अध्यक्षहरुले प्रशासनिक खर्च सार्वजनिक गर्न माग गरेपछि नगरपालिका प्रशासनमा खैलाबैला मचेको छ । रामग्राम नगरपालिकाका मेयर, उपमेयर, प्रशसान तथा लेखा शाखाको खर्च विवरण वार्ड अध्यक्षहरुले माग गरेपछि नगरपालिकाको प्रशासन भित्र खैलाबैला मचिएको हो ।
अघिल्लो आर्थिक बर्षमा जनप्रतिनिधिको काम कारवाही प्रति अविश्वास गर्दै उनीहरुले सिफारिस गरेका विकास योजनाका फाईलमा विभिन्न बखेडा झिक्ने रामग्राम नगरपालिका प्रशासनले प्रशासनिक खर्च कसरी गरेको छ, भन्दै जनप्रतिनिधिले समिक्षा गर्न माग गरेका हुन् ।
अप्रत्याशित रुपमा इन्धन खर्च देखिए पछि वार्ड अध्यक्षहरुले मेयर, उपमेयर, प्रशासकिय अधिकृत, लेखा अधिकृत र योजना शाखाले के कति मात्रामा इन्धन खर्च गरेको हो ? त्यसको लगत विवरण पेश गरेर समिक्षा गर्न माग गरिएको बताएका छन् ।
नगरपालिकाको सरकारी गाडीमा रातो नम्बर प्लेट लगाएर दिन रात गाडीको दुरुपयोग गर्ने मेयर नरेन्द्र कुमार गुप्ता सहित नगरपालिका प्रशासन तथा लेखाका कर्मचारीले प्रशासनिक खर्च कसरी गरेका हुन, त्यसको माग बैठकमा उठेको नगरपालिकाकी उपमेयर रम्भा कुवारले बताईन । वार्ड अध्यक्षहरुले उठाएको माग जायज नै रहेको र त्यसको विवरण सार्वजनिक गरेर नगरपालिका प्रशासनले सन्तुष्ट पार्नु पर्ने उनले बताईन । विगत भन्दा अलि बढि प्रशासनिक खर्च तथा इन्धन खर्च भएको कुराले कहि त्यसको दुरुपयोग बढेर भएको हो ? कि त्यसले गर्दा नगरपालिका प्रशासनले सो विवरण पेश गर्नु पर्छ, उनले भनिन, वार्ड अध्यक्षहरु पनि नगरपालिका परिवार भन्दा बाहिरका सदस्य होईनन्, प्रशासनिक खर्च वार्ड अध्यक्षहरुलाई देखाउदैमा केही कुरा विग्रने होईन । बरु त्यसले एक आपसमा अविश्वासको वातावरणलाई घटाएर सहज बनाउछ ।
त्यसलाई अन्यथा लिन नहुने उनको भनाई थियो ।
नगरपालिका भित्र अविश्वासको वातावरण बनेको बाहिरी ब्यक्तिले पनि महशुस गर्न थालेका छन ।
त्यसलाई किनारा लगाउनु पर्छ, उपमेयर कुवारले भनिन, नगरपालिका प्रशासन, नगरपालिका बोर्ड र नेतृत्वबाट कार्य विभाजन गरेर अगाडी बढनु पर्छ ।
जनताका विच सबै जनप्रतिनिधिले विभिन्न बाचा गरेर काम गर्न आएका छन ।
यदि आपसमा अविश्वास बनि रह्यो भन्ने जनताको काम हुदैन, त्यसले सम्पुर्ण नगरबासीलाई असर पर्छ । अन्य छिमेकी नगरपालिकाले धमाधम काम गरेका छन, तर रामग्राममा आन्तरिक अविश्वासका कारण काम गराईमा असर परेको अनुभुत हुन थालेको छ । मेयर गुप्ताले असोज भित्रै जनताले कर वृद्धि विरुद्ध उठाएको आवाज असोज महिना भित्रै सम्बोधन गरि कर घटाउने प्रतिवद्धता जनाएका थिए । तर आन्तरिक द्वन्द्वका कारण कातिक महिना सकिन लाग्दा पनि नगरसभा बस्न सकेको छैन । यसले मेयर गुप्तालाई झुठ्ठा सावित गर्न थालेको छ ।
त्यसै गरि नगरभित्रका शाखाहरु सक्रिय हुन सकेका छैनन । विभिन्न विषयगत समितिल काम गर्न सकेको छैन । विकास निर्माणका योजना कसरी सचालन गर्ने बारे पनि निक्यौल हुन सकेको छैन । वार्ड कार्यालयहरुले सक्रिय रुपमा काम गर्न सकेका छैनन । त्यस प्रति सबै गम्भिर बन्नु पर्ने उपमेयर कुवारको भनाई थियो ।
पहिलो बैठकमा वार्ड अध्यक्षहरुले प्रशासनिक खर्चमा केही अनियमितता भएको आशंका गर्दै बैठकमा कुरा उठाएका थिए । तर सो बैठकमा प्रमुख प्रशासकिय अधिकृत दिनेशराज पंत अनुपस्थित भएका कारण बैठक निष्कर्षमा पुग्न सकेन । बैठक नै स्थगित भएको थियो ।
अधिकाांश वार्ड अध्यक्षहरुले मेयर र प्रशासकिय अधिकृतको खर्च सार्वजनिक नभएसम्म काम अगाडी बढाउन नदिइने अडान लिएका कारण नगरपालिकाको आन्तरिक प्रशासनमा समस्या देखिएको छ ।


# मध्यविन्दु नगरपालिकाद्धारा जेसिबी र टिप्पर खरिद

कावासोती । नवलपरासी पूर्वको मध्यविन्दु नगरपालिकाले ब्याक हो लोडर ( जेसिबि ) र टिप्पर खरिद गरेको छ ।
विभिन्न आवश्यकतालाई मध्यनजर गर्दै नगरपालिकाले जेसिबि र टिप्पर खरिद गरेको नगरपालिका का प्रमुख प्रशाशकिय प्रमुख कृष्ण प्रसाद पन्थीले बताए ।
नगरपालिकामा आफ्नै आवश्यकताका साधन नहुदा नगर विकास र आपतकाली अवस्थामा अप्ठेरो परेकाले खरिद गरेको पन्थीले जानकारी दिए ।
जेसिबि विहिवार आईपुगेको छ भने टिप्पर एकहप्ताभित्र आउने नगर प्रमुख चन्द्र वहादुर रानाले बताए । जेसीबी लाई ४३ लाख रुपैया र टिप्परलाई ३९ लाख रुपैयामा खरिद गरिएको रानाले जानकारी दिए ।


प्रो. भुपेन्द्र सिंजाली मगर ९८४४७३१७३०

बी. एस. ऐग्री ट्रेड

कावासोती, सभापति चोकबाट पाँच सय मिटर उत्तर तर्फ



अनुभव प्राप्त मिस्त्रीहरू द्धारा मर्मत पनि गरिन्छ ।




नवलपुर आर. एम. सी. (रेडिमिक्स)

अब तपाईको सहर कावासोतीमा....




घर, भवन, सडक, पूल निर्माणमा आर एम सी ढलानको लागि नवलपुर रेडिमिक्स । समयको बचत, झनझट नहुने, तनाब मुक्त, गुणस्तरीयतामा नो कम्प्रमाईज । कसरबाट धोएको गिटी, बालुवा, डण्डीमा खिया नलाग्ने उच्च कोटीको केमिकल, गुणस्तरीय सिमेन्ट प्रयोग गरि अत्याधुनिक जर्मन प्रबिधिको मेसिनद्धारा घोलेर तयार पारिन्छ कंकिट , ल्याब टेस्ट पछि तपाईको घर घर पुर्याउछौं । नवलपुर क्षेत्रमा तिव्र रूपमा भएका भौतिक संरचना निर्माणमा अब हामी गर्छौं तपाईसंग साझेदारी नवलपुर आर. एम. सी. (रेडिमिक्स)

थकाली चोकदेखि ४ सय मिटर उत्तर, कावासोती ३ भानु चोक बुकिङ्ग तथा अर्डरको लागि

मोवाईल : ९८५७०४०६८९, ९८१७५४१९४५


# राइनो संरक्षण गोल्डकपको उपाधी च्यासल युथ क्लबलाई

कावासोती । एक सिंगे गैडा संरक्षणको सन्देश प्रवाहाका लागि नवलपरासीको मध्यविन्दु नगरपालिका २, कोल्हुवामा संचालित राइनो संरक्षण गोल्डकप फुटबल प्रतियोगिताको उपाधी च्यासल युथ क्लबले उचालेको छ । आज भएको फाईनल प्रतिस्पर्धामा नेपाल पुलिस क्लबलाई ट्राईब्रेकरमा पराजित गर्दै च्यासलले उपाधी उचालेको हो ।
खेलको १० औं मिनेटमा अभिषेक रिजालको गोलबाट पुलिसले अग्रता लिएपनी त्यसलाई जोगाउन नसक्दा उपबिजेतामा चित्त बुझाउन बाध्य भयो । पहिलो हाफकै १६ औं मिनेटमा च्यासलले बराबरी गोल फर्कायो । २१ औं मिनेटमा पुलिसले अर्को गोल गर्दै पहिलो हाफ आफ्नो पक्षमा पार्यो । तर दोस्रो हाफमा आफ्नो अग्रता कायम गर्न सकेन । च्यासलले बराबरी गोल फर्कायो । निर्धारित समय बराबरीमा सकिए पछि थप गरिएको समयमा समेत दुवै तर्फबाट कुनैपनी गोल हुन नसकेपछी खेल ट्राईब्रेकरमा धकलीएको थियो ।




ट्राईब्रेकरमा च्यासल युथ क्लबले ५/३ गोल अन्तरले नेपाल पुलिस क्लबलाई पराजित गर्दै उपाधी आफ्नो पक्षमा पारेको हो ।
पुलिसका दिनेश राजबम्शिको प्रहार गोल्पोस्टको बारमा लागेर फर्किदा च्यासलका पाचै खेलाडीले गोल गरेक थिए । विजेताहुदै च्यासल युथ क्लबले रु ४ लाख ९९ हजार ५५५ सहित शिल्ड, मेडल प्राप्त गरेको छ । उपबिजेतामा चित्त बुझाएको नेपाल पुलिस क्लबलले रु २ लाख ५५ हजार ५५५ प्राप्त गरेको छ । प्रतियोगिताको म्यान अफ दि सिरिज च्यासलका गोल रक्षक दिनेश थापा मगर भएका छन् ।
खेलको माध्यमबाट युवाहरुलाई वन, वन्यजन्तु संरक्षणमा लाग्ने उत्प्रेरणा जगाउने उधेश्यले बिगत पन्ध्र वर्षदेखी नन्दभाउजु मध्यवर्ती उपभोक्ता समितिले नियमित रुपमा राईनो संरक्षण गोल्डकप फुटबल प्रतियोगित संचालन गर्दै आईरहेको छ ।

# मध्यविन्दु हरियाली सामुदायीक वनको तेश्रो साधारण सभा

कावासोती । नवलपरासी पूर्वको कावासोती नगरपालिका १६ डण्डामा रहेको मध्यविन्दु हरियाली सामुदायीक बन उपभोक्ता समूहको तेश्रो साधारण सभा विहिवार कार्यालय परिषरमा सम्पन्न भएको छ ।
कार्यक्रममा प्रस्तुत भएको अध्यक्षको प्रगती प्रतिवेदन र कोषध्यक्षको आर्थिक प्रतिवेदन पारित भएको छ ।
कार्यक्रममा संस्थाका अध्यक्ष रोम प्रसाद न्यौपानेले चालु आर्थिक वर्षको वार्षिक योजना प्रस्तुत गर्दै संस्थाको कार्यालयलाई थप व्यवस्थित गर्दै कार्यालय परिषरभित्र सभाहल निर्माण गर्ने, डढेलो नियन्त्रण गर्न आवश्यक योजना तय गर्ने, बनको सिमाना छुट्याएर वयवस्थापन गर्ने, बन सम्बन्धि तालिम, गोष्ठि राख्ने, अवलोकन भ्रमण थप गर्ने, सम्भावित भू–क्षय हुन सक्ने ठाउको अध्ययन गरी सोको रोकथाम गर्ने लगायतका योजना रहेको जानकारी दिए ।
यस्तै कोषध्यक्ष नारायण घिमिरेले गत आर्थिक वर्षमा एक करोण ९८ लाख ६७ हजार ९७ रुपैया बराबरको आयव्यय विवरण प्रस्तुत गरेका थिए ।
समूहले आफ्नो कार्यक्षे भित्रका कृषकहरुलाई लक्षित गरेर दुई वटा बोरिङ्ग निर्माण गरेको समेत उनले बताए ।
कार्यक्रममा उपभोक्ताहरु मध्ये २१ जना जेष्ठ नागरिकलाई सम्मान समेत गरिएको थियो भने उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी मिनराज गिरी र पूर्ण अपाङ्गता भएका पाच जना उपभोक्तालाई सम्मान गरिएको थियो । समूहका अध्यक्ष रोम प्रसाद न्यौपानेको अधयक्षता तथा सामुदायीक बन उपभोक्ता महासंघ जिल्ला महासंघ नवलपुरका अध्यक्ष ठाकुर प्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।
कार्यक्रममा बोल्दै पाण्डले हरियाली सामुदायीक बनले नवलपुरका अन्य बनहरुको तुलनामा उदाहरणीय काम गर्न तर्फ जोड दिनुपर्ने बताए । बनका सदस्य र उपभोक्ताहरु लक्षित कार्यक्रमहरु निती तथा कार्यक्रममा समावेश गर्न समेत उनले सुझाव दिएका छन । बनको डढेलो निभाउदा वा बन्यजन्तुको आक्रमणबाट धनजनको क्षती भएमा त्यसको क्षतीपूर्ती दिने व्यवस्था गर्न उनले सामुदायीक बनहरुलाई सुझाव समेत दिए ।
कार्यक्रममा वडा नम्बर १६ का वडा अध्यक्ष एकादत्त वस्ति, हुप्सेकोट बौदीकाली शव डिभिजन बन कार्यालय प्रमुख चमेली देवकोटा, शव डिभिजन कार्यालय त्रिभुवनटारका दिपक अधिकारी, ईलाका महासंघका गुरु प्रसाद खनाल, सयपत्रि हरियाली सामुदायीक बनकी सचिव गोमा पौडेल, विराट सामुदायीक बनका उपाध्यक्ष लाल वहादुर मल्ल, दिपेन्द्र आधारभुत विद्यालयका व्यवस्थापन समिती अध्यक्ष रेकम भट्ट लगायतले सो अवसर शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।
कार्यक्रममा संस्थाका उपाध्यक्ष वासुदेव रिजालले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने सचिव केशमाया कुवर र सहसचिव चन्द्र वहादुर महतराले कार्यक्रम संचालन गरेका थिए ।

# सुस्ता गाउपालिकाबाट तीन महिलाको उद्धार

कावासोती । नवलपरासी पश्चिम सुस्ता गाउपालिका पाच रतनगंजबाट तीन जना महिलाको उद्धार गरिएको छ ।
सोहि ठाउकी सुनिता गुरुङ्को घरबाट विहिवार विहान साढे आठ बजेको समयमा प्रहरी चौकी रामनगरको टोलीले उनीहरुलाई उद्धार गरेको हो । सिन्धुपाल्चोकका दुई जना र बाँकेकी एक जना महिलाको उद्धार गरिएको हो । उनीहरुलाई सुनिताले नवलपरासीको सिमाबाट भारतको दिल्लीसम्म पुर्याउने सुचना पाएको आधारमा गएको प्रहरीले उनीहरुलाई सुनिताको घरबाट उद्धार गरेर ईलाका प्रहरी कार्यालय वेलाटारी पठाएको प्रहरी चौकी रामनगरका प्रहरी सहायक निरिक्षक लिल वहादुर विकले जानकारी दिए ।
सो बारमा प्रारम्भिक अनुषन्धान भईरहेको ईलाका प्रहरी कार्यालय वेलाटारीका प्रहरी निरिक्षक केदार बस्नेतले बताएका छन । बाकेकी महिलालाई १५ दिन अघिदेखि सुनिताले आफ्नै घरमा राखेकी थिईन ।
सिन्धुपाल्चोकका दुई जनालाई बुधवारराती आएका थिए । तीनै जनालाई विहिवार सिमा कटाएर दिल्ली पुर्याउने योजना रहेको प्रारम्भिक अनुषन्धानमा खुलेको प्रहरी निरिक्षक बस्नेतले जानकारी दिएका छन । उनीहरु दिल्लीको बाटो हुदै कुवेत जाने भनेर हिडेको बताएको प्रहरी निरिक्षक बस्नेतले जानकारी दिए । सुनितालाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ । सुनिताले एक जना महिलाबाट १० हजार रुपैयासम्म लिने गरेको खुलेको छ । काठमाण्डौबाट महिलालाई गाडीमा राखेर पठाउने र नवलपरासीमा सुनिताले रिसिभ गर्ने गरेको खुलेको प्रहरी निरिक्षक बस्नेतले जानकारी दिए । यस काममा को को संलग्न छन भन्ने वारेमा थप अनुषन्धान जारी रहेको बस्नेतले जानकारी दिएका छन ।


प्रो : खिम बहादुर कार्की ९८०५४६७५१८८ प्रो : डाल कु. क्षेत्री ९८०५४६७५१८८ : ९८०७४७४३९७

न्यू कार्की ईन्टरप्राईजेज

अग्यौली-९, डण्डा, नवलपरासी



हाम्रा सेवाहरु

सिसा, प्लाई, कांटी, कब्जा, तथा तयारी फर्निचर अर्डर अनुसार बनाईनुका साथै अर्डर अनुसारका सामान तयार गर्नु परेमा एवं भवन निर्माणको काम लागि हामीलाई सम्झनुहोस

प्रो. श्याम कुमार श्रेष्ठ ९८४७१२१९७१ ९८५७०४०९३४ ९८०७५८४४३८

रोमश सप्लायर्स एण्ड होम डेकोर

कावासोती-८, हलचोक, नवलपरासी

शिखर प्लाईको अधिकृत विक्रेता



हाम्रा सेवाहरुः यहाँ रेडिमेड ढोका, कार्पेट, लिस्टिक, म्याट्रेस, डाइनिङ्ग सेट, सोफा, दराज र हार्डवेयरका सामानहरु पाउनुका साथै उच्च स्तरीय सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

साथै हामीकहाँ डोजर र स्काभेटरको पनि व्यवस्था छ ।

कावासोती अटो मोबाइल ड्रिम अटो



दक्ष मिस्त्री द्वारा आधुनिक मेसिनद्धारा गाडी मर्मत, डेन्टपेन्ट गर्नुका साथै गाडीका सम्पूर्ण पार्टसहरू पाइन्छ ।

कावासोती अटो मोबाइल ड्रिम अटो वर्कसप

सभापति चोक, ज्ञानोदय रोड (थकाली किचनबाट १०० मिटर भित्र)

Managing Director:

J.L. Pandey 9800780662 Suraj Gurung 9808389267